केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१९/०६८/६९

मितिः २०६८/०९/२४

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(क) यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. ३।०६८ को बुँदा नं. ११ को उप-बुँदा (४) को खण्ड (ग) बमोजिम इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले घरजग्गा तथा रियल स्टेट क्षेत्रमा कुल कर्जाको २५ प्रतिशत भन्दा बढी लगानी गरेको भएमा २०६९ आषाढ मसान्त भित्र उक्त सीमा भित्र ल्याउनु पर्ने व्यवस्था रहेकोमा सो अवधि थप गरी २०७० आषाढ मसान्त कायम गरिएको छ ।

(ख) सोही उप-बुँदाको खण्ड (घ) बमोजिम प्रवाह हुने रु. ८० लाखसम्मको व्यक्तिगत आवासीय घर कर्जाको सीमालाई वृद्धि गरी रु. १ करोड कायम गरिएको छ । साथै, यस बैंकबाट जारी ने.रा.बैंक निर्देशन फा.नं.९.३ (क), ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ र अनुसूचि ४.अ मा समेत सोही बमोजिम हुने गरी संशोधन गरिएको छ ।

भवदीय,

(पूर्णबहादुर खत्री)
का.मु. कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।